गोलन्जोर गाउँपालिका

स्थानीय राजपत्र

खण्ड ९ संख्या १ मितिः २०८२/०३/२७

भाग -२

गोलन्जोर गाउँपालिका

"गोलन्जोर आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि २०८२"

गाउँ सभाबाट स्वीकृत मितिः२०८२/०३/२७

प्रस्तावनाः

स्थानीय वासिन्दाहरुको आधारभूत स्वास्थ्य र सरसफाई सेवा प्रदान गर्ने कार्यमा गाउँपालिकाको जिम्मेवारी प्रमुख रही आएको र सो को ब्यवस्थापनमा स्पष्ट कानुनी ब्यवस्था गरी कार्यसम्पादन गर्न वाञ्छनीय भएकोले, "नेपालको संविधान २०७२ को भाग ३ धारा ३५ प्रदत्त स्वास्थ्य सम्बन्धी मौलिक हकको सुनिश्चितता गर्न हरेक स्थानीयतहमा स्थापना भएका आधारभूत अस्पतालको सेवा संचालन गरी आधारभूत स्वास्थ्य सेवाको प्रबाह गर्न स्थायी रुपमा संगठन तथा ब्यबस्थापन सर्वेक्षण निर्माण भएर कार्यान्वयनमा नआउदासम्म स्तरबृद्धि वा नयाँ निर्माण भएका अस्पताललाई तत्काल संचालनमा ल्याउन जनशक्ति लगायतका श्रोत र साधनको प्रबन्ध गर्न बान्छनीय भएकोले, जनस्वास्थ्य ऐन,२०७५ को दफा ६४ ले दिएको अधिकार प्रयोग गरि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको कार्यविधि र गोलन्जोर गाउँपालिकाको स्वास्थ्य ऐन, २०८२ को दफा ८ बमोजिम गोलन्जोर गाउँपालिकाको आधारभूत अस्पताल संचालन कार्यविधि, २०८२ स्वीकृत गरी लागु गरेको छ ।

१.संक्षिप्त नाम र प्रारम्भः

(क) यस कार्यविधिको नाम "आधारभूत अस्पताल संचालन कार्यविधि, २०८२" रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यविधि" भन्नाले गोलन्जोर गाउँपालिकाको आधारभूत अस्पताल संचालन कार्यविधि, २०८२सम्झनु पर्दछ ।

(ख) "चिकित्सक" भन्नाले प्रचलित कानुन बमोजिम चिकित्सकको रुपमा सम्बन्धित परिषदमा दर्ता भएको ब्यक्ति बुझ्नु पर्दछ।

(ग) "मंत्रालय" भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सम्झनु पर्छ।

(घ) "अस्पताल" भन्नाले स्थानीय तहमा निर्माण गरिएका ५/१०/१५ शैयाका आधारभूत अस्पताल सम्झनु पर्दछ।

(ङ) "आधारभूत स्वास्थ्य सेवा" भन्नाले जनस्वास्थ्य सेवा ऐन २०७५ बमोजिमका सेवाहरु सम्झनु पर्दछ ।

(च) "स्वास्थ्यकर्मी" भन्नाले प्रचलित कानुन बमोजिम स्वास्थ्यकर्मीको रुपमा सम्बन्धित परिषदमा दर्ता भएको व्यक्तिलाई सम्झनु पर्दछ ।

परिच्छेदः १

आधारभूत स्वास्थ्य सेवा प्रबाह

३. आधारभूत स्वास्थ्य सेवाको प्रबाहः

(१) स्थानीय,प्रदेश र संघ सरकारको समन्वयमा अनुसूची ०१ बमोजिमका आधारभूत स्वास्थ्य सेवाको प्रबाह गर्ने ब्यबस्था मिलाइने छ ।

(२) उपदफा १ बमोजिमका अस्पताललाई स्वास्थ्य प्रबर्द्धनात्मक (Health Promoting Hospital) अस्पतालको रुपमा समेत बिकाश गर्नुपर्ने छ ।

(३) आधारभूत अस्पतालले उपदफा (१) मा लेखिएका अतिरिक्त अनुसूची ०२ मा उल्लिखित स्वास्थ्य प्रबर्द्धनात्मक अभियान संचालन गर्नुपर्नेछ ।

४. आधारभूत अस्पतालः (१) यस कार्यविधि बमोजिम संचालन हुने अस्पतालहरु स्तरबृद्धि भई ५/१०/१५ शैयामा वा नया निर्माण भै संचालनमा आएका अस्पताल हुन्छन् ।

(२) उपदफा १ बमोजिमका अस्पतालको संचालनका लागि हाल संचालन भएका स्वास्थ्यका सेवाहरुमा बाधा नपुग्ने गरि यस पालिका भित्रका साबिकका स्वास्थ्य चौकी , प्राथमिक स्वास्थ्य केन्द्र, वा अन्य आधारभूत स्वास्थ्य केन्द्र तथा सामुदायिक स्वास्थ्य इकाईका जनासक्तिको समेत परिचालन गर्न सकिने छ ।

५. संगठन संरचना तथा दरबन्दी तेरिज सम्बन्धमाः (१) आधारभूत अस्पतालको संचालनका लागि यस अघि मन्त्रालयद्वारा स्वीकृत ५/१०/१५ शैयाको अस्थायी संगठन सरचना तथा दरबन्दी तेरिज अनुसारको अनुसूची ०२ बमोजिमको स्वीकृत नमुना संगठन संरचना तथा दरबन्दी तेरिजको लागि साविकको दरबन्दीमा फाजिलमा रहेका,छात्रवृत्ति करार तर्फका वा सम्बन्धित स्थानीय तहबाट नमुना दरबन्दी अनुसारको कर्मचारीलाई आबश्यकता अनुसार खटाउन सकिनेछ । यसका अतिरिक्त स्थानीय, प्रदेश एबं संघबाट नियमानुसार कामकाजमा कर्मचारी खटाउन बाधा पर्ने छैन ।

परिच्छेद २

आधारभूत स्वास्थ्य सेवा प्रवाहमा साझा जिम्मेवारी

६ नेपाल सरकारको दायित्व

(१) निर्माण सम्पन्न भएका अस्पतालको संलग्न नमुना दरबन्दी तेरिजका आधारमा जनशक्ति ब्यबस्थापनको लागि छात्रवृत्ति करारका चिकित्सक र स्वास्थ्यकर्मी मन्त्रालय/बिभागले प्रदेश मार्फत खटाउन सक्नेछ ।

(२) अस्पताल संचालनका लागि आबश्यक स्वास्थ्य सामाग्री मन्त्रालयसंग क्रमशः माग गरि उपलब्ध गराइने छ ।

(३) छात्रबृत्ति करार तर्फका कर्मचारीहरुको तलब भत्ता मन्त्रालयसंग माग गरी परिपूर्ति गरिने छ ।

७ . प्रदेश सरकारको दायित्व :

(१) अस्पताल संचालनको लागि खटिएका जनशक्तिहरुको ज्ञान ,शिप, र दक्षता अभिबृधि एवं आवधिक रुपमा सुपरिबेक्षण तथा पृष्ठपोषण प्रदेश हेर्ने स्वास्थ्य मन्त्रालयबाट हुनेछ ।

(२) अस्पताल संचालनका लागि आबश्यक जनशक्ति एवं स्वास्थ्य सामग्री प्रदेश स्थित स्वास्थ्य हेर्ने मन्त्रालयबाट क्रमश ब्यबस्थापन गर्दै लगिने छ ।

८. स्थानीयतहको दायित्त्व :

(१) अस्पताल संचालनको पूर्ण स्वामित्व एवं जिम्मेवारीको दायित्व स्थानीय तहको हुनेछ ।

(२) अस्पताल संचालन गर्दा आधारभूत स्वास्थ्य सेवालाई प्राथमिकता दिई संचालन गर्नुपर्नेछ।

(३) सम्बन्धित स्थानीय तहले अस्पताल संचालनका लागि निःशुल्क आधारभूत सेवाको सुनिश्चितताका लागि २४ सै घण्टा सामान्य आकस्मिक सेवा, बहिरंग सेवा, फार्मेसी सेवा, प्रयोगशाला सेवा , एक्स रे सेवा तथा स्थानीय अबस्था र आबश्यकता अनुसार अन्तरंग सेवा तथा अन्य सेवाहरुको ब्यबस्थापन गर्नुपर्ने छ ।

(४) अस्पताल संचालनको लागि सम्बन्धित स्थानियतहले अस्पताल ब्यबस्थापन समिति गठन गर्न सक्नेछ ।

(५) अस्पतालबाट प्रदान गरिने सेवाहरुको प्रभाबकारी संचालनका लागि प्रदेश सरकारको स्वास्थ्य हेर्ने मन्त्रालयसंग समन्वय गरिने छ ।

(६) सेवाको गुणस्तर कायम राख्न समितिले आफ्नो श्रोत अनुसार चिकित्सक तथा स्वास्थ्यकर्मिहरुलाई थप प्रोस्त्सहन भत्ता उपलब्ध गराउन सक्ने छ ।

(७) आफ्नै साधन स्रोतमा आधारभूत अस्पताल शैया अनुसारका अनुसूची ०२ बमोजिमका प्रस्तावित संगठन संरचना तथा दरबन्दीमा अस्थायी कर्मचारी करारमा राख्न सक्नेछ ।

परिच्छेद- ३

समितिको गठन तथा काम, कर्तव्य र अधिकार

९.अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको गठनः (१अस्पताल सञ्चालनको लागि देहाय बमोजिमको (अस्पताल संचालन तथा व्यवस्थापन समिति रहनेछ ।

क) गाउँपालिका अध्यक्ष -अध्यक्ष

ख) गाउँपालिका उपाध्यक्ष -सदस्य

ग) प्रमुख प्रसाशकीय अधिकृत -सदस्य

घ) सामाजिक विकास समिति संयोजक -सदस्य

ङ) अस्पताल रहेको वडाका वडाध्यक्ष -सदस्य

च) स्वास्थ्य शाखा प्रमुख -सदस्य

छ) समाजसेवी, बुद्धिजीवीहरु मध्येबाट १ जना महिला सहित अध्यक्षबाट मनोनित दुई जना -सदस्य

ज) अस्पतालमा कार्यरत अस्पताल प्रमुख -सदस्य सचिव

(२) समितिको मनोनीत सदस्यको पदावधि ३ बर्षको अथवा गाउँपालिकाले तोकेको अवधिसम्म हुनेछ ।उपदफा मा जुनसुकै कुरा लेखिएको भएतापनि मनोनीत सदस्यले आफ्नो पदीय (2)जिम्मेवारी पूरा नगरेमा वा समितिको हित विपरीत कुनै काम गरेमा गाउँपालिकाले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ ।तर त्यसरी निजलाई पदबाट हटाउनु अघि सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

१०. अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः अस्पताल (1) अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) सुव्यवस्थित ढंगले अस्पताल सञ्चालनको लागि आबश्यक नीतिगत, कानुनी एवं संस्थागत व्यवस्थाको लागि उपयुक्त निणर्य गरी प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकामा पेश गर्ने।

ख) मापदण्ड अनुसार भौतिक संरचना निर्माण, जनशक्ति व्यवस्थापन, औजार तथा उपकरणको व्यवस्था लगायतका कार्यहरु गर्न आबश्यक समन्वय, सहजीकरण र सहकार्य गर्ने ।

ग) अस्पताल सञ्चालनको लागि गाउँपालिकाले दिएको निर्देशनहरु र स्वीकृत कार्यक्रमहरुको कार्यान्वयन गर्ने तथा गराउने ।

घ) अस्पतालको भौतिक, आर्थिक, सामाजिक एवम् संस्थागत वातावरणलाई स्वस्थ एवं स्वच्छ तुल्याउने।

ङ) अस्पतालको सेवा प्रवाहमा आएका गुनासाहरुको उचित सम्बोधन र व्यवस्थापन गर्ने ।

च) गुणस्तरीय र सर्बसुलभ स्वास्थ्य सेवाका लागि आबश्यक अन्य कार्य गर्ने ।

११. समितिको बैठक सम्बन्धी कार्यबिधिः

(१) समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तिमा चौबिस घण्टा अगावै समितिको सदस्य सचिवले बैठकमा छलफल हुने विषय सहितको सूचना सबै सदस्यहरुलाई दिनुपर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको कम्तिमा एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितीमा समितिका प्रचलित मर्यादाक्रम अनुसार माथिल्लो मयार्दाक्रिमको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निणार्यक मत दिनेछ ।

(७) समितिको निणर्य अध्यक्षले प्रमाणित गरी राख्नेछन् ।

(८) समितिले आबश्यक देखेमा कुनै बिशेषज्ञ वा सरकारको कुनै अधिकृतलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यबिधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(१०) अस्पताल प्रमुखः अस्पतालको मेडिकल अधिकृत वा वरिष्ठ पदमा कार्यरत कर्मचारी अस्पताल प्रमुख हुनेछ । निजले अस्पतालको प्रशासकीय प्रमुखको रुपमा काम गर्नेछ ।

परिच्छेद-४

अस्पतालको कोष संचालन तथा व्यवस्थापन

१२.अस्पताल विकास कोषः (१) अस्पताल संचालन तथा व्यवस्थापन समितिको नाममा छुट्टै एक अस्पताल विकास कोष रहनेछ ।

(२) उपदफा बमोजिमको (1)कोषमा देहाय बमोजिमका रकमहरु रहनेछ र संस्थाको खर्च सोही कोषबाट व्यहोरिनेछ । संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम,

क) अस्पतालले प्रदान गरेको सेवा तथा सुविधा बापत प्राप्त रकम,

ख) स्वदेशी व्यक्ति,संघ,संस्था वा निकायबाट प्राप्त रकम,

ग) विदेशी सरकार, संघ, संस्था वा व्यक्तिबाट अनुदान वा ऋण स्वरुप प्राप्त रकम,

घ) अस्पतालमा प्राप्त हुने नगद आम्दानी ।

ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) समितिले उपदफा बमोजिमको कुनै रकम प्राप्त गर्नु अघि प्रचलित (घ) को खण्ड (३)कानून बमोजिम स्वीकृति लिनुपर्नेछ ।

(४) अस्पतालको तर्फबाट गरिने सम्पर्ण खर्च उपदफा बमोजिमको (१) कोषबाट व्यहोरिनेछ।

(५) अस्पतालको कोषमा रहेको रकम नेपाल भित्रको कुनै पनि बैंकमा खाता खोली जम्मा गरिनेछ।

(६) अस्पताल कोषको संञ्चालन अस्पताल प्रमुख र लेखा सम्बन्धी काम गर्ने प्रमुख कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

(७) उपदफा (६) बमोजिमको लेखा सम्बन्धी काम गर्ने प्रमुख कर्मचारी नभएमा गाउँपालिकाको आर्थिक प्रशासन शाखा प्रमुख वा सोही शाखा हेर्ने अन्य तोकेको कर्मचारीको दस्तखतबाट हुनेछ ।

१३. लेखा र लेखा परीक्षणः

(१) अस्पतालको आय व्ययको लेखा गाउँपालिकाले अपनाएको ढाँचा बमोजिम राखिनेछ ।

(२) अस्पतालको आन्तरिक लेखापरिक्षण गाउँपालिकाको आन्तरिक लेखापरिक्षण शाखाबाट हुनेछ।

(३) अस्पतालको अन्तिम लेखापरिक्षण महालेखा परिक्षक वा निजले तोकेको लेखापरिक्षकबाट हुनेछ।

(४) गाउँपालिकाले चाहेमा अस्पतालको आय व्ययको लेखा, नगदी, जिन्सी वा अन्यकागजात जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१४. वार्षिक प्रतिवेदन पेश गर्नेः अस्पतालले वर्षभरिमा आफूले गरेको काम कारवाहीको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको दुइ महिनाभित्र अस्पताल समिति मार्फत कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

१५.अधिकार प्रत्यायोजनः समितिले आफुलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, सदस्य, सदस्य सचिव वा समितिको कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

१६. निर्देशन दिनेः गाउँकार्यपालिकाले समिति एवम् अस्पतालको काम कारबाहीका सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिईएको निर्देशनको पालना गर्नु समिति एवम् अस्पतालको कर्तव्य हनेछ ।

१७. निर्देशिका बनाउने अधिकारः

(१) यस कार्यविधि कार्यान्वयनको लागि समितिले आवश्यक निर्देशिका बनाउन सक्नेछ ।

(२) उपदफा बमोजिम बनाईएको निर्देशिका कार्यपालिकाबाट स्वीकृत भए पछि लागु (१)हुनेछ ।

१८. सेवा शुल्क निर्धारण सम्बन्धी व्यवस्थाः अस्पताल बाट प्रदान गरिने सेवाको आवश्यक शुल्क समितिको सिफारिसमा गाउँकार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

१९. पूर्ण सरकारी हुनेः गोलन्जोर आधारभूत अस्पताल सरकारी अस्पताल हुनेछ। अस्पताल सञ्चालन र व्यवस्थापनको लागि आबश्यक जनशक्ति, भौतिक संरचना, आर्थिक श्रोत लगायतको व्यवस्थापन गर्न गाउँपालिकाले संघीय तथा प्रदेश सरकारसँग समेत आबश्यक समन्वय, सहकार्य र परामर्श गर्नेछ ।

२०. कार्यबिधि हेरफेर तथा संसोधनः गाउँकार्यपालिकाले उल्लेखित कार्यबिधिमा आबश्यकता अनुसार हेरफेर तथा संशोधन गर्न सक्नेछ।

२१. व्याख्या गर्ने अधिकारः यस कार्यबिधिमा उल्लेखित मापदण्डको कुनै प्रावधानको कार्यान्वयनमा कुनै द्बिबिधा उत्पन्न भई कार्यान्वयनमा बाधा आईपरेमा गाउँकार्यपालिकाले सो मापदण्डको व्याख्या गर्नेछ।

२२. स्वतःअमान्य हुनेः यस कार्यबिधीमा लेखिएको कुनै कुरा प्रचलित नेपाल कानुनको कुनै व्यवस्था सँग बाँझिएमा बाँझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

परिच्छेद-५

बीमा कार्यक्रम

२३. नेपाल संघीय सरकारसंगको समन्वयमा अस्पताल बीमा कार्यक्रम संचालन गर्न सक्नेछ। बीमा कार्यक्रम सँग सम्बन्धीत अन्य व्यवस्था प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ ।

परिच्छेद-६

अस्पतालको छाप

२४. अस्पतालको छापः अस्पतालको सम्पूर्ण काम कारबाहीको निमित्त एउटा छुट्टै छाप हुनेछ। छापको नमूना र आकार समितिको निर्णयमा उल्लेख भए बमोजिम हुनेछ ।

परिच्छेदः ७

बिबिध

२५. कर्मचारी व्यवस्थापन तथा सेवा सुविधाको व्यवस्था :

अस्पतालको लागि आवश्यक पर्ने स्वीकृत दरबन्दी तेरिज बमोजिमको जनशक्ति व्यवस्थापन अस्पताल सञ्चालक समितिले गर्नेछ र अस्पतालमा आवश्यक कर्मचारीहरुको सेवा सुविधा सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।

२६. निर्देशन दिन सक्ने :

अस्पतालबाट प्रदान हुने स्वास्थ्य सेवा प्रभावकारी एवं गुणस्तरीय बनाउनका लागि तीनै तहका सरकारले निर्देशन दिन सक्नेछ र अस्पताललले यस्ता निर्देशनको पालना गर्नुपर्नेछ ।

२७. अनुगमन सम्बन्धी ब्यबस्थाः

स्थानीय तहले अस्पतालबाट प्रबाह हुने आधारभूत स्वास्थ्य सेवाको नियमित अनुगमन गर्नेछ । यसका साथै संघीय सरकार र प्रदेश सरकारबाट समेत अनुगमन गर्न सकिने छ ।

२८. अभिलेखन तथा प्रतिबेदनः

यस कार्यविधि बमोजिम संचालन हुने अस्पतालले अनिबार्य रुपमा नेपाल सरकारको स्वास्थ्य सुचना प्रणालीमा अभिलेखन तथा प्रतिबेदन गर्नुपर्ने छ ।

२९. बाधा अड्काउ फुकाउः यस कार्यविधिको कार्यान्वयनका क्रममा कुनै बाधा अड्चन उत्पन्न भएमा कार्यपालिका वा गाउँसभाले त्यस्तो बाधा अड्चन फुकाउने छ ।

३०. प्रचलित कानुन बमोजिम हुनेः (१) यस कार्यविधिमा समेटिएका बिषयको हकमा यसै कार्यविधि बमोजिम र नसमेटिएका बिषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

अनुसूची-१

(दफा ३ को उपदफा (१) संग सम्बन्धित

आधारभूत स्वास्थ्य सेवाहरु

१. खोप सेवा
२. एकिकृत नवजात शिशु, बाल रोग ब्यबस्थापन सेवा, पोषण सेवा, गर्भवती सेवा,प्रसव तथा सुत्केरी सेवा,परिवार नियोजन सेवा, गर्भपतन तथा प्रजनन स्वास्थ्य,मातृ नवजात शिशु तथा बालस्वास्थ्य सेवा
३. सरुवा रोग सम्बन्धी सेवा
४. नसर्ने रोग सेवा तथा शारीरिक बिकलाङगता सम्बन्धी सेवा
५. मानसिक रोग सम्बन्धि सेवा
६. जेस्ठ नागरिक स्वास्थ्य सम्बन्धि सेवा
७. सामान्य आकस्मिक अबस्थाका स्वास्थ्य सेवा
८. स्वास्थ्य प्रबर्द्धन सेवा
९. आयुर्बेद तथा बैकल्पिक चिकित्सा स्वास्थ्य सेवा

अनुसूची-२

(दफा ३ को उपदफा (३) संग सम्बन्धित)

स्वास्थ्य प्रबर्धनात्मक अस्पतालले देहाय बमोजिमका सामुदायिक एवं सस्थागत क्रियाकलाप संचालन गर्नुपर्नेछ ।

(क) नागरिक आरोग्य सेवा कार्यक्रम अन्तर्गत सामुदायिक योग, ध्यान शिबिर तथा स्वस्थ जीवनशैली प्रवर्द्धन ।

(ख) समुदायस्तरमा नसर्ने रोगको स्क्रिनिङ तथा सचेतना र मानसिक स्वास्थ्यको सचेतना एवं प्रबर्द्धन

(ग) सामुदायिक स्वास्थ्य प्रबर्द्धन अन्तर्गत खुल्ला दिसामुक्त ब्यबहार अबलम्बन, फोहोरमैलाको उचित ब्यबस्थापन,सफा पानी पिउने बानी अबलम्बन

(घ) समुदायस्तरमा खाध्य स्वच्छता, खाद्य सुरक्षा, पोषण प्रबर्द्धनः भान्छा सुधार तथा पत्रु खानाको निरुत्साहन

(ङ) सुर्तीजन्य, धुम्रपान,मादक पदार्थ एवं लागु पदार्थ कुलत त्यागका लागि स्वास्थ्य शिक्षा सुचना संचार सहितको सचेतना

(च) समुदायस्तरमा जिवनपथमा (गर्भवती, सुत्केरी, नवजात शिशु देखि जेष्ठ नागरिक सम्म)आधारित स्वास्थ्य हेरचार, परामर्श एवं अतिरिक्त स्याहार र सचेतना अभिबृद्धि

(छ) वातावरणीय स्वास्थ्य प्रबर्द्धन, जलबायु परिवर्तनका र महामारी एवं अन्य स्वास्थ्य आपतकालीन जोखिम न्यूनीकरणका उपायबारे सचेतना

(दफा ५ को उपदफा (१) संग सम्बन्धित)

प्रस्तावित साङगठनिक ढाँचा

अनुसूची-२ (क)

स्थानीय तहमा स्थापना हुने ५ शैयाको प्रस्तावित अस्पतालको प्रस्तावित संगठन संरचना

मेडिकल सुपरिटेण्डेन्ट

(मेडिकल अधिकृत आठौं तह (१)

चिकित्सकीय सेवा / उपचारात्मक सेवा

बहिरङग इकाई

(हे.अ. तह ५/६/७) - १ तह -१ जना

(कविराज तह ५/६/७) -१जना

डेन्टल हाईजेनिस्ट ५/६/७) -१जना

आकस्मिक इकाई

(हे.अ. तह ५/६/७) -२जना

अन्तरङग इकाई

(स्टाफ नर्स. तह ५/६/७) -२जना

अस्पताल फार्मेसी

फार्मेसी सहायक तह ५/६/७) -१जना

निदानात्मक सेवा (Diagnostic Services)

प्रयोगशाला इकाई

ल्याब टेक्निसियन

तह ५/६/७) -१जना

रेडियोग्राफिक इकाई

रेडियोग्राफर

तह ५/६/७) -१जना

अस्पताल व्यबस्थापन (Hospital Management)

प्रशासन इकाई

-प्रशासन सहायक पाचौ

- कार्यालय सहयोगी

श्रेणी बिहिन ३ जना

सरसफाईकर्मी

श्रेणी बिहिन १जना

अनुसूची २ (ख)

प्रस्तावित दरबन्दी तेरिजको विवरण (१०) शैयाको आधारभूत अस्पताल

सि.न.	पद	तह	सेवा	समुह	संख्या	कैफियत
१	मेडिकल अधिकृत	आठौ	स्वास्थ्य	ज.हे.स	१	स्वीकृत
२	हे.अ.	५/६/७	स्वास्थ्य	हे.ई	३	स्वीकृत
३	स्टाफ नर्स	५/६/७	स्वास्थ्य	नर्सिंङ	४	स्वीकृत
४	कविराज	५/६/७	स्वास्थ्य	आयुर्बेद	१	स्वीकृत
५	डेन्टल हाईजेनिस्ट	५/६/७	स्वास्थ्य	डेन्ट्रीस्ट्री	१	स्वीकृत
६	फार्मेसी सहायक	५/६/७	स्वास्थ्य	फार्मेसी	१	स्वीकृत
७	ल्याब टेक्निसियन	५/६/७	स्वास्थ्य	प्रयोगशाला	१	स्वीकृत
८	रेडियोग्राफर	५/६/७	स्वास्थ्य	रेडियोग्रफर	१	स्वीकृत
९	प्रशासन सहायक	५/६/७	प्रशासन	सा.प्र.	१	स्वीकृत
१०	लेखा सहायक	५/६/७	प्रशासन	सा. प्र	१	प्रस्तावित
११	कार्यालय सहयोगी	श्रेणी बिहिन	प्रशासन	सा.प्र.	३	स्वीकृत
१२	सरसफाईकर्मी	श्रेणी बिहिन	प्रशासन	सा.प्र .	१	स्वीकृत
१३	**कुल जम्मा**	-	-	-	**१८**	**स्वीकृत**

अनुसूची २ (ग)

प्रस्तावित दरबन्दी तेरिजको विवरण (१५) शैयाको एकिकृत आधारभूत अस्पताल

आधारभूत अस्पतालमा सृजना गरिने दरवन्धी संरचना

MDGP चिकित्सक-१

१.प्रशासन शाखा

- सामान्य प्रशासन तथा भण्डार-१
- आर्थिक प्रशासन शाखा-१
- मेडिकल रेकर्ड शाखा-१
- बिमा सहायक -१
- कार्यालय सहयोगी तथा स्वीपर-४
- हलुका सवारी चालक -१
- इलेक्ट्रिसियन/प्लम्बर सहायक -१

२. नर्सिङ शाखा

- बि.एन.-१
- स्टाफ नर्स-४
- सी.अ.न.मि/ अ.न.मि -२

३.योजना तथा जनस्वास्थ्य शाखा

- जनस्वास्थ्य अधिकृत -१
- PHI/HA-२
- SAHW/AHW-२
- BMLT/ ल्याब टेक्निसियन -२
- रेडियोग्राफर -२
- फिजियोथेरापी सहायक -१
- डेन्टल सहायक -१

४.चिकित्सा सेवा शाखा

- मेडिकल अधिकृत -३
- डेन्टल अधिकृत -१

आज्ञाले
चन्द्रकान्त चौधरी
प्रमुख प्रशासकीय अधिकृत